आज मिति २०७५।०३।२४ गतेका दिन यस बडीकेदार गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण बहादुर चन्द ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकमा तपशिल बमोजिमको उपस्थितिमा तपशिलका प्रश्ताव उपर छलफल गरी तपशिल बमोजिमका निर्णय गरियो ।

**तपशिल:**

| क्र.सं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | कृष्ण बहादुर चन्द | अध्यक्ष | | |
| २ | ईन्द्रा बोहरा भाट | उपाध्यक्ष | | |
| ३ | डबल बहादुर बोहरा | कार्यपालिका सदस्य | | |
| ४ | राम बहादुर नाम्जाली | कार्यपालिका सदस्य | | |
| ५ | लिलाधर सापकोटा | कार्यपालिका सदस्य | | |
| ६ | बिरेन्द्र कोटकेनी | कार्यपालिका सदस्य | | |
| ७ | बुद्दीसागर बिनाडी | कार्यपालिका सदस्य | | |
| ८ | पदमा देवी नेपाली | कार्यपालिका सदस्य | | |
| ९ | टीकाराम भुल | कार्यपालिका सदस्य | | |
| १० | दिपक बहादुर नेपाली | कार्यपालिका सदस्य | | |
| ११ | भागा देवी मल्ल | कार्यपालिका सदस्य | | |
| १२ | चित्रा देवी चन्द | कार्यपालिका सदस्य | | |
| १३ | निर्मला देवी दमाई | कार्यपालिका सदस्य | | |
| १४ | दिपक पाण्डेय | सचिब | | |

**आमन्त्रित सदस्य**

| | | | | |
|---|---|---|---|---|
| १ | टोप बहादुर चन्द | आमन्त्रित सदस्य | | |

**अन्य आमन्त्रीत**

| | | | | |
|---|---|---|---|---|
| १ | दल बहादुर धामी | लेखा प्रमुख | | |
| २ | टोप बहादुर चन्द | सुचना प्रविधि अधिकृत | | |

**प्रस्तावहरु:**

१. राजश्व परामर्श समितिको प्रतिवेदन सम्वन्धमा।
२. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदन सम्वनन्धमा।
३. बजेट तथा कार्यक्रम तर्जुमा समितिको प्रतिवेदन सम्वन्धमा।
४. आ.ब. ०७५/०७६ को नीति तथा कार्यक्रम सम्वन्धमा।
५. आ.ब. ०७५/०७६ को योजना तथा कार्यक्रम सम्बन्धमा।
६. आर्थिक ऐन, २०७५ सम्वन्धमा।
७. बिनियोजन ऐन, २०७५ सम्वन्धमा।
८. आ.ब. ०७४/०७५ को खर्च विवरण र प्रगति विवरण सम्वन्धमा।
९. शिक्षकहरुको नपुग तलब भत्ता सम्वन्धमा।
१०.पदिधिकारीहरुको सेवा सुविधा सम्वन्धमा।
११.सामाजिक सुरक्षा भत्ता व्यवस्थापन सम्वन्धमा।
१२.उपाध्यक्ष ज्यू को सचिवालयमा सहयोगी राख्ने सम्वन्धमा।
१३.सुचना प्रविधि अधिकृतको करार नविकरण सम्वन्धमा।
१४.अन्य करार तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारी सम्वन्धमा।

**निर्णयहरु:**

१. प्रस्ताव नं १ उपर छलफल गर्दा राजश्व परामर्श समितिबाट प्राप्त प्रतिवेदन ग्रहण गर्ने निर्णय गरियो।
२. प्रस्ताव नं २ उपर छलफल गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त प्रतिवेदन ग्रहण गर्ने निर्णय गरियो।
३. प्रस्ताव नं ३ उपर छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्राप्त प्रतिवेदन ग्रहण गर्ने निर्णय गरियो।
४. प्रस्ताव नं ४ उपर छलफल गर्दा आ.ब. ०७५/०७६ को नीति तथा कार्यक्रम स्विकृत गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा आ.ब. ०७५/०७६ को योजना तथा कार्यक्रम (बजेट बक्तब्य) स्विकृत गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

६. नं ६ उपर छलफल गर्दा आर्थिक ऐन, २०७५ स्विकृत गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा बिनियोजन ऐन, २०७५ स्विकृत गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं ८ उपर छलफल गर्दा आ.ब. ०७४/०७५ मा यस गाउँपालिकाबाट भएको स्विकृत बजेट अनुसारको बार्षिक खर्च विवरण अनुमोदन गर्ने र कार्यपालिकामा प्रस्तुत प्रगति प्रतिवेदन कार्यपालिकाबाट अनुमोदन गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

९. प्रस्ताव नं ९ उपर छलफल गर्दा यस गाउँपालिकामा दरबन्दीमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीहरुको तलब भत्ता एवं अन्य शिर्षकमा नेपाल सरकारबाट शसर्त अनुदानका रुपमा रकम उपलब्ध हुँदै आएको तर अन्तिम चौमासिक निकासामा रकम कम प्राप्त भएको सन्दर्भमा गाउँपालिकालाई नेपाल सरकार बाट बित्तिय समानिकरण स्वरुप प्राप्त रकमबाट शिक्षकहरुको नपुग न्यूनतम तलब स्केल अनुसारको रकम भुक्तानि गर्ने गरी गाउँ सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

१०. प्रस्ताव नं १० उपर छलफल गर्दा ७ नं प्रदेश सरकारबाट स्विकृत स्थानीय तहका पदाधिकारीहरुको सेवा सुविधा सम्वन्धमा बनेको कानुन अनुसार पदाधिकारीहरुले पाउने पारिश्रमिकको सन्दर्भमा आवश्य निर्णयका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

११.प्रस्ताव नं ११ उपर छलफल गर्दा MIS मा प्रविष्ट लाभग्राहीहरुलाइ मात्र सामाजिक सुरक्षा वितरण गर्ने भन्ने कानुनी व्यवस्था भएतापनि विभिन्न वडामा विगत देखि नै खाइपाइ आएका लागग्राहीहरु छुटेको भन्ने गुनासो आएकाले MIS मा प्रविष्ट नभएपनि विगतदेखि नै खाइपाइ आएका र लाभग्राही परिचय पत्र समेत भएका लाभग्राहीहरुलाइ सामाजिक सुरक्षा भत्ता दिने निर्णय गरियो।

१२. प्रस्ताव नं १२ उपर छलफल गर्दा यस गाउँपालिकाको उपाध्यक्ष संयोजकत्वको न्यायिक समितिको सचिवालयमा सहयोगीको रुपमा कामकाज गर्न यस बडीकेदार गाउँपालिका वडा नं १ निवासी श्री हुकम मन्नीलाइ करारमा राख्ने र निजलाई मासिक १२ हजार रुपैया र एक महिनाको तलब बराबरको चाडपर्व खर्च पारिश्रमिक उपलब्ध गराउने गरी करार सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृत लाइ निर्देशन दिने निर्णय गरियो।

प्रस्ताव नं १३ उपर छलफल गर्दा यस गाउँपालिकामा LGCDP कार्यक्रमको अनुदानबाट कार्यरत सुचना प्रविधि अधिकृत श्री टोप बहादुर चन्दको करार सम्झौता मिति २०७५/०४/०१

**१३.** देखि लागु हुने गरी ६ महिनाका लागि नविकरण गर्ने निर्णय गरियो। सुचना प्रविधि अधिकृतको सेवा सुविधा सम्वन्धमा LGCDP परिपत्र अनुसार गर्ने निर्णय गरियो।

**१४.** प्रस्ताव नं १४ उपर छलफल गर्दा यस गाउँपालिकामा नेपाल सरकारको स्रोतबाट पारिश्रमिक पाउने गरी करारमा कार्यरत कर्मचारीहरुको सोही स्रोतबाट पारिश्रमिक उपलब्ध भएमा उपलब्ध भएको अवधिसम्मका लागि करार नविकरण गर्ने गरी गाउँ सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो । यसै गरी गाउँपालिकाको स्रोतबाट पारिश्रमिक पाउने करार तथा ज्यालादारी कर्मचारीको हकमा तपशिल बमोजिमको निर्णय गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

**तपशिल:**

१. स्वास्थ्य तर्फ कार्यरतको हकमा गाउँ कार्यपालिकाको बैठकबाट स्वास्थ्य शाखाको सिफारिसका आधारमा आवश्यक निर्णय गर्ने।

२. लाना आयुर्वेदिक अस्पतालमा दैनिक ज्यालादारीमा कार्यरत कार्यालय सहयोगी गाणेश बोहोरालाइ मिति २०७५/०४/०१ बाट लागु हुने गरी १ बर्षका लागि करार सम्झौता गरी मासिक १५ हजार पारिश्रमिक दिने।

३. गाउँपालिकाको कार्यालयमा दैनिक ज्यालादारीमा कार्यरत कार्यालय सहयोगी गणेश बहादुर चन्दलाइ मिति २०७५/०४/०१ बाट लागु हुने गरी १ बर्षका लागि करार सम्झौता गर्ने र निजलाई मासिक १५०००।– पारिश्रमिक र एक महिनाको पारिश्रमिक बराबर चाडपर्व खर्च दिने।

४. गाउँपालिकामा कार्यरत कार्यालय सहयोगी शुरेश बहादुर बोहोराको करार सम्झौता खाइपाइ आएकै दरमा एक महिनाको तलब बराबर चाडपर्व खर्च समेत थप गरी २०७५/०४/०१ बाट लागु हुने गरी १ बर्षका लागि नविकरण गर्ने।

५. वडा नं १ र वडा नं २ मा कार्यरत कार्यालय सहयोगीलाइ मिति २०७५/०४/०१ गतेबाट लागु हुने गरी १ वर्षका लागि मासिक रु १५०००।– पारिश्रमिकमा करार सम्झौना नविकरण गर्ने।

६. वडा नं ४ मा कार्यरत सहायक लेखापाल दिपक बहादुर धामीलाइ मिति २०७५/०४/०१ बाट लागु हुने गरी वडा कार्यालयमा स्थायी दरबन्दीमा वडा सचिव हाजिर नभएसम्म खाइपाइ आएकै पारिश्रमिक पाउने गरी प्रशासन सहायक पदमा करार नविकरण गर्ने।

७. विद्यालय तथा बालबिकासमा कार्यरत शिक्षक कर्मचारीको हकमा गाउँ शिक्षा समितिको निर्णयानुसार गर्ने।

८. वडा नं १ र वडा नं ३ मा कार्यरत LGCDP कार्यक्रमबाट पारिश्रमिक पाउने गरी कार्यरत सामाजिक परिचालकको पारिश्रमिक साबिक बमोजिम LGCDP कार्यक्रमबाट पारिश्रमिक नपठाएको हुदाँ वडा नं १ मा कार्यरत सामाजिक परिचालक चक्र बहादुर कलेललाई वडा नं १ को प्रशासन सहायक पदमा मासिक रु. १५०००।– पारिश्रमिक पाउने गरी मिति २०७५/०४/०१ गतेबाट लागु हुने गरी १ वर्षका लागि र वडा नं ३ मा कार्यरत सामाजिक परिचालक श्री उपेन्द्र मल्ललाइ वडा नं ३ को प्रशासन सहायक पदमा मासिक रु १५०००।– पारिश्रमिक पाउने गरी मिति २०७५/०४/०१ गतेबाट लागु हुने गरी करार सम्झौता नविकरण गर्ने। यस निर्णयमा माथि जुनसुकै कुरा लेखिएको भएतापनि उपरोक्त बमोजिम करार नविकरण गरिएका प्रशासन सहायक (साविकका सामाजिक परिचालक) हरु सम्वन्धित वडामा स्थायी दरबन्दीको वडा सचिव हाजिर भएमा सोही दिनबाट निजहरुको करार सम्झौता अन्त्य भएको मानिने गरी सर्बसम्मत निर्णय गरियो।

९. ग्रामिण जलस्रोत व्यवस्थापन परियोजनामा कार्यरत यस गाउँपालिकाका कर्मचारीको हकमा गाउँपालिका स्तरीय परियोजना व्यवस्थापन समितिको निर्णयानुसार गर्ने।

१०. यस गाउँपालिकामा करारमा कार्यरत ईन्जिनियर श्री गणेश बहादुर मालीको करार सम्झौता यहि मिति २०७५ असाढ मसान्तमा समाप्त भएको हुदाँ निजको करार सम्झौता नविकरण नगर्ने निर्णय गरियो।

११. यस गाउँपालिकाको स्काभेटर अपरेटर पदमा दैनिक ज्यालादारीमा कार्यरत अपरेटर श्री सुमन बोहोरालाइ मासिक २० हजार रुपैया पारिश्रमिक दिने गरी मिति २०७५/०४/०१ बाट लागु हुने गरी १ बर्षका लागि करार सम्झौता गर्ने साथै स्काभेटर हेल्पर पदमा कार्यरत हेल्पर श्री गोपाल सलामी लाइ मासिक रु ७ हजार ५ सय पारिश्रमिक पाउने गरी मिति २०७५/०४/०१ बाट लागु हुने गरी ६ महिनाका लागि करार सम्झौता गर्ने।

१२.यस गाउँपालिका अन्तर्गत पशु सेवा केन्द्र लाना मार्कोटको कार्यालय सहयोगी पदमा कार्यरत कार्यालय सहयोगी श्री लक्ष्मी मल्ललाइ मासिक रु ८ हजार र एक महिनाको तलब बराबरको चाडपर्व खर्च उपलब्ध गराउने गरी मिति २०७५/०४/०१ बाट लागु हुने गरी १ बर्षका लागि करार नविकरण गर्ने निर्णय गरियो।